श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरवार

# श्रमिक सूचना बैंक: प्रारम्भिक अवधारणा

**(Labour-Force Information Bank – WWW.LIB.GOV.NP or www.LFIB.gov.np)**

## विषय-सूची


१. पृष्ठभूमि ... 2

२. आ.व.२०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको व्यवस्था ... 3

३. श्रमिक सूचना बैंकको अवधारणागत पक्ष ... 4

४. अन्तर आवद्धता सहितको एकीकृत प्रणालीको विकास ... 6

५. राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली (NEMIS-नेमिस) सँगको आवद्धता ... 7

६. तथ्यांक र सूचना संकलनको प्रवाह तथा स्वरुप र फाराम ... 8

७. श्रमिक सूचना बैंकको प्रणाली विकास ... 13

८. कार्यान्वयनको व्यवस्था ... 14

९. कानूनी आधार तर्जुमा ... 14

१०. श्रमिक सूचना बैंकको सञ्चालनको लागि गर्नुपर्ने चरणवद्ध क्रियाकलाप ... 15

११. आ. व. २०७७/०७८ को स्वीकृत बजेट ... **Error! Bookmark not defined.**

१२. संभाव्य जोखिम विश्लेषण ... 16

१३. जनशक्ति, समय तथा लागत अनुमान : ... **Error! Bookmark not defined.**

१४. अपेक्षित उपलब्धि ... 16

१५. बिगतको अध्ययन विवरण ... **Error! Bookmark not defined.**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरवार

# श्रमिक सूचना बैंक: प्रारम्भिक अवधारणा

**(Labour-Force Information Bank – www.LIB.gov.np or www.LFIB.gov.np)**

## १. पृष्ठभूमि

- *नेपालको संविधान (२०७२)* को धारा ३३(२) ले रोजगारीलाई मौलिक हकको रुपमा स्थापित गरी प्रत्येक नागरिकलाई रोजगारी छनौट गर्न पाउने हकको प्रत्याभूति गरेको छ।
- रोजगारीको हकको कार्यान्वयनको लागि बनेको *रोजगारीको हक सम्बन्धी ऐन, २०७५* र *रोजगारीको हक सम्बन्धी नियमावली, २०७५* समेतले देश भित्र रोजगारी सिर्जनालाइ उच्च प्राथमिकता दिई रोजगारीसँग सम्बन्धित नीति, कानून, कार्यक्रम र संरचनालाई एकिकृत स्वरुपमा व्यवस्थापन र परिचालनको सोच राखेको छ ।
- रोजगारी प्रत्याभूतिको विषय आधारभूत रुपमा श्रमयोग्य जनशक्तिको योग्यता, क्षमता तथा अवस्था सहितको व्यक्तिगत विवरण र श्रम बजारको आकार, उपलब्ध अवसर तथा संभावनामा आधारित रहन्छ ।
- हाल श्रम बजारको *मुख्य चुनौति* निम्नानुसार देखिएको छ:
  - 🕮 दक्ष, अर्ध-दक्ष र अदक्ष श्रमिकको वैयक्तिक विवरण एकीकृत स्वरुपमा नरहेको
  - 🕮 उपलब्ध रोजगारका अवसर र सीपमूलक तालिमबीच तादाम्यता हुन नसकेको (Skill Mismatch)
  - 🕮 रोजगारदाताका लागि आवश्यक रहेको सीपयुक्त जनशक्ति र विद्‌यमान शैक्षिक वा सीपमूलक तालिमबीच सामन्जस्यता कायम हुन नसकेको (Job and Education/Training Mismatch)
  - 🕮 औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको विवरण एकिकृत रूपमा नरहेको ।
  - 🕮 क्षेत्रगत सरकारी निकायहरुमा रहेका श्रम तथा श्रमिकसम्बन्धी सूचनाहरु एकापसमा अन्तर-आवद्‌ध (inter-connected) हुन नसकेको आदि ।

- तसर्थ श्रमिक सूचना बैंकले मुलुक भित्र श्रमयोग्य जनशक्तिको बैयक्तिक सम्पूर्ण विवरणलाई एकीकृत रुपमा विधुतीय माध्यममा संकलन, व्यवस्थापन तथा विश्लेषण गर्ने पद्धतिको विकास गर्ने लक्ष्य रहेको।
- अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा श्रमिक, रोजगारदाता र श्रम बजारका सम्पूर्ण सूचनाको संग्रहले तथ्यमा आधारित नीति र नतिजामा आधारित ब्यवस्थापनको आधार तयार हुनेछ । सूचना प्रबिधीमैत्री शासन प्रणाली सुशासन, पारदर्शिता र जवाफदेहिताको आधार पनि हो । यसर्थ प्रस्तावित पद्धतिबाट श्रम बजारको माग र उपलब्धताको वास्तविक विवरण यकिन हुने हुँदा नीतिगत, कार्यक्रमगत र व्यवहारगत सुधारको थालनी भै असल श्रम सम्बन्धको विकास हुने भएकोले श्रमको उत्पादन र उत्पादकत्व वृर्द्धीमा सहयोग पुग्नेछ ।
- श्रम शक्तिको यकिन विवरण रहने श्रमिक सुचना बैंङ्कको स्थापनाले देशमा औद्योगिकरणको प्रक्रियामा थप मद्दत पुग्ने विश्वास लिईएको छ ।
- श्रम गर्न सक्ने उमेर(१८-५९वर्ष)का नेपाली नागरिकको, स्वरोजगार, रोजगार र बेरोजगारको अवस्थाको यथार्थ विवरण राज्यसँग रहनुपर्ने ।

## २. आ.व.२०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको व्यवस्था

***नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम**को* बुदा नं. *८५ मा देहाय बमोजिमको सोच राखिएको छः*

- *सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना र रोजगार व्यवस्थापन सूचना प्राणाली सञ्चालनमा ल्याइएको छ । यस प्रणालीलाई थप विकसित गर्दै श्रमबजारमा रहेका श्रमिकहरुको सीप र क्षमताको उपयोग गर्न सहज हुने गरी उनीहरुको व्यक्तिगत विवरण रहेको श्रम सूचना बैङ्क स्थापना गरिनेछ । स्थानीय रोजगार सेवा केन्द्रले रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरुका बीच  सम्पर्क स्थापित गरी रोजगारी प्राप्तिमा सहयोग गर्नेछ ।*

***बजेट वक्तब्य**को वार्षिक नीति तथा कार्यक्रमको बुदा नं. ८५ मा निम्न बमोजिमको सोच राखिएको छः*

- *रोजगार सेवा केन्द्रलाई श्रम सूचना बैकको रुपमा समेत उपयोग गरी निजी क्षेत्रका उप्पादनशील उद्योगले आफूलाई आवश्यक पर्ने र श्रम सूचना बैकबाट सिफारिस भएका श्रमिकहरुलाई रोजगारी सहितको तालिम प्रदान गरिने सोच ।*

➢ ***मन्त्रालयको आ.व. २०७७/०७८ को माइलस्टोनमा रहेको व्यवस्था:***

- श्रमिक सूचना बैंक समेतको कार्य गर्ने गरी *रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS)* को स्तरोन्नति गर्ने ।

## ३. श्रमिक सूचना बैंकको अवधारणागत पक्ष

श्रम बजारमा प्रवेश गर्ने श्रम शक्तिको योग्यता, ज्ञान, सीप, दक्षता तथा अनुभवको विवरण लेखांकन गरी कुन क्षेत्र, पेशा वा व्यवासायमा रोजगार वा स्वरोजगारमा रहेका छन् भन्ने अत्यावश्यक विवरण सूचना प्रविधिमा आवद्ध गरी श्रमिक र रोजगारको क्षेत्र सम्बधी विस्तृत सूचना रहने श्रमिक सूचना बैंक स्थापना गर्नु आवश्यक हुन्छ । जसबाट क्रमश: भविष्यमा श्रम बजारमा कुन-कुन क्षेत्रमा संलग्न हुन सकिन्छ वा कुन अवसरको उपयोग गर्न सकिन्छ भनी बेरोजगार र रोजगारदाताबीच काममा मिलान (Job Matching) गर्ने अभियानमा समेत आवद्ध गराउन सकिने हुन्छ । त्यसैगरी कृषि, निर्माण वा सेवा क्षेत्र लगायतका औपचारिक क्षेत्र तथा अनौपचारिक क्षेत्रमा रोजगारीमा रहेका श्रमिकलाई श्रम बजारमा बिकाउन तथा टिकाउन, क्रमश: औपचारिकीकरण गर्न एवं दीर्घकालीन रुपमा सामाजिक संरक्षण गर्ने उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन पनि एकिकृत सूचना प्रणालीको विकासले थप मद्दत पुर्याउनेछ ।

सारांशमा राज्यभर विभिन्न क्षेत्र, पेशा वा व्यवसायमा संलग्न हुन चाहने वा हाल कार्यरत श्रमिकको विवरण तथा वैदेशिक रोजगारीमा गएका वा फर्किएका जनशक्तीमा रहेको सीप तथा योग्यताको समेत अद्यावधिक विवरणहरु समेत समेटी श्रमिक सूचना बैंकको अवधारणालाई संस्थागत गर्न मन्त्रालयले पहलकदमी लिएको छ । मूलत: श्रमिकको आधारभूत विवरणहरु पहिचान हुने गरी सरकारका विभिन्न निकायसँग रहेका विवरणहरुलाई समेटी जनशक्ति योजनाका लागि एकीकृत स्वरुपमा श्रमिक सूचना बैकको स्थापना गर्न लागिएको हो । साथै सबै स्थानीय तहहरुमा रहेको रोजगार व्यवस्थापन सूचना प्रणाली (Employment Management Information

System-EMIS) लाई सुदृढीकरण गरी क्षेत्रगत रुपमा श्रम योग्य जनशक्तिको विवरण संकलन तथा अद्यावधिक गरी सरकारी तथा निजी क्षेत्रलाई उपयोगी हुने विश्वासका साथ स्थानीय सरकार, प्रदेश सरकार र अन्य सरोकारवालासँगको सहभागिता तथा साझेदारीमा र अन्तरआवद्धता कायम हुने गरी श्रमिक सूचना बैकको अवधारणालाई संस्थागत गरिने लक्ष रहेको छ ।

हाल सञ्चालनमा रहेको रोजगार ब्यवस्थापन सूचना प्रणालीको स्तरोन्नती गरी एकिकृत सूचना सहितको श्रमिक सूचना बैंकको स्थापना र सञ्चालन गरिनेछ । श्रमिक सूचना बैंकले मुख्यत: निम्न बिषयहरुलाई समेट्ने छ:-

१. श्रम बजारमा रहेका तथा प्रवेश गर्ने (१८-५९वर्ष उमेर) श्रमयोग्य जनशक्तिको ज्ञान, सीप, क्षमता, योग्यता र अनुभव समेतको सम्पूर्ण विवरण संकलन गर्ने र सो को विवरण बिधुतीय माध्यमबाट वास्तविक समयको तथ्याङ्क (Real Time Information) को रुपमा उपलब्ध हुने,

२. स्थानीय तहगत रूपमा नाम, उमेर, पेशा, शैक्षिक योग्यता, दक्षता, तालिम, अनुभव, रोजगारीमा संलग्न भएको विवरण, आय, बैक खाता,NID No. आदिको विवरण अध्यावधिक हुने,

३. श्रम बजारमा प्रवेश गर्ने श्रमिकको बैयक्तिक विवरण स्वचालित प्रणाली मार्फत नियमित तथा अध्यावधिक हुने,

४. रोजगारको खोजिमा रहेका श्रमिक, श्रमिकको खोजिमा रहेका रोजगारदाता र श्रम बजारलाई ब्यवस्थित बनाउन सरकारले लिनुपर्ने नीति, रणनीति तथा कार्यक्रमकालागि तथ्यपरक सूचना उपलब्ध हुने,

५. उपलब्ध श्रम शक्तिको सीप तथा क्षमता विकासका क्षेत्रको अन्तर विश्लेषण (Skill Gap Analysis) गर्न सहज हुने,

६. श्रम सम्बन्ध ब्यवस्थापनकोलागि आवश्यक सूचना प्राप्तिमा सहज हुने,

७. श्रमिक लक्षित सामाजिक संरक्षण तथा सुरक्षाका कार्यहरु सञ्चालनमा सहजता हुने, Duplication, Inclusion Error र Exclusion Error हटाउन सहज हुने,

८. *श्रमको सम्मान*को सँस्कृतिको विकास भै असल श्रम सम्बन्धको विकास हुनुको साथै श्रमको उत्पादकत्व बृद्धि हुने,

९. स्वदेशी श्रम बजारको पूर्ण विवरण अध्यावधिक हुने भएकोले बैदेशिक रोजगारीको निर्भरता घटाउनुका साथै बैदेशिक रोजगारीका जोखिम घटाउन सहयोग पुग्ने,

१०. तथ्यमा आधारित नीति र नतिजामा आधारित ब्यवस्थापनको आधार निर्माण हुने आदि ।

## ४. अन्तर आवद्धता सहितको एकीकृत प्रणालीको विकास

श्रमिक सूचना बैंक प्रणालीको स्थापना गर्दा देहायका विभिन्न क्षेत्रका तथ्यांकसँग अन्तर आवद्धता सहितको एकिकृत प्रणाली विकास गर्ने लक्ष राखिएको छ ।

**(राष्ट्रिय तथ्यांक पोर्टल तथा डाटावेसको आकार र संरचना)**




## ५. राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली (NEMIS-नेमिस) सँगको आवद्धताः-यससँग रहेका सबै सूचनाहरू LIMS सँग आवद्ध गरिने छ ।

नेमिसमा भएका देहायका विषयवस्तुहरु मार्फत श्रमिक सूचना बैंकसँग अवद्धता कायम गरिनेछः-

(क) बेरोजगार तथा रोजगारदाताको दर्ता र रोजगार प्रवर्द्धन सेवाको लागि व्यक्तिगत विवरण,

(ख) रोजगारदाता तथा तालिम प्रदायक संस्थाहरूले उपलव्ध गराउने रोजगारी तथा सेवाको विवरण,

(ग) निजी तथा सरकारी रोजगार पोर्टलहरुमा प्रकाशित रोजगारीका अवसरहरु राख्न सकिने व्यवस्था,

(घ) कार्यस्थलमा आधारित तालिमसम्बन्धी विषय, रोजगारीको सम्भावना भएको औपचारिक र अनौपचारीक शिक्षा एवम् व्यावसायिक तालिमको विवरण,

(ङ) रोजगार तथा स्वरोजगार सम्बन्धी क्रियाकलाप तथा सोबाट सिर्जना हुने तथ्याङ्क, श्रम बजारमा आवश्यक पर्ने सीप तथा क्षमताको विश्लेषण गर्न रोजगारदातालाई सघाउ पुर्याउने विवरण ।

(च)बृहद् प्रकृतिको रोजगार पोर्टलको रुपमा बिकास गर्न रोजगारीको खोजीमा रहेका व्यक्ति र सार्वजनिक र निजी दुवै क्षेत्रका रोजगारदाता, रोजगार सेवा प्रदायक तथा सीप विकास तालिम प्रदायक संस्था तथा स्वरोजगार सहायताको विवरण ।

(छ) रोजगारदाता र रोजगारको खोजीमा रहेका व्यक्तिले रोजगार उपलब्ध हुने स्थान, रोजगारदाताको प्रकार, आवश्यक पर्ने सीप तथा क्षमता लगायतको विवरण ।

## ६. तथ्यांक र सूचना संकलनको प्रवाह तथा स्वरुप र फाराम

तथ्यांक र सूचनाको संकलन निम्न दुई बिधिबाट गरिनेछ:

### (अ) मौजुदा तथ्यांकको प्रयोग:

विभिन्न निकायसंग रहेका निर्धारित फाराम बमोजिम मौजुदा तथ्यांकहरुलाई समायोजन गरी श्रमिक सूचना आवद्ध गर्न सकिने संभावना छ । जस्तै: नागरिकता (राष्ट्रिय परिचयपत्र), मतदाता नामावली, सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार, राहदानी तथा अध्यागमन, दुरसंचार तथा मोबाइल, शैक्षिक संस्थाहरु, यातायात व्यवस्था, श्रम विभाग, पेशागत संस्थाहरु, आन्तरिक राजस्व कार्यालय, बैंक तथा वित्तिय संस्था, संघ संगठनहरु, मन्त्रालय तथा निकायहरुमा रहेका आधिकारिक विवरणलाई एकीकृत स्वरुपमा राखी श्रमयोग्य जनशक्तिको जानकारी एकलद्वार प्रणालीमा रहन गई राष्ट्रिय स्वरुप समेत कायम रहनेछ ।

साथै यसरी लिइने तथ्यांकहरुको परीक्षण, शुद्धाशुद्धी तथा प्रत्येक नागरिकको वैयक्तिक विवरण यथार्थ स्वरुपमा रहेको सुनिश्चितता गर्न समेत आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।साथै यसको विद्युतीय सुरक्षाको पक्षलाई संवेदशीलतापूर्वक लिनु पर्ने हुन्छ । यस प्रकारको तथ्यांकलाई द्वितीय स्रोतबाट प्राप्त तथ्यांक (Secondary source of data) को रुपमा उपयोग गरिनेछ ।

हाल रहेका एकिकृत सूचनाहरू

१. NEMIS का सूचनाहरू

२. सामाजिक सूरक्षा कोषका सूचनाहरू

३. PIS निजामती + प्रहरी+ शिक्षक

४. PIS  नेपाली सेना

५. संचयकोष, लगानी कोष

६. FEMIS

७. National ID (18-59)

८. PAN

९. EXIM Code

## (आ) प्रत्यक्ष सूचना संकलन:

मौजुदा तथ्यांकवाट संकलन हुन नसकेको वा नसक्ने प्रकृतिको सूचनाहरु प्राथमिक रुपमै संकलन गर्नपर्ने आवश्यकता रहन्छ। यस कार्यमा अन्तर निकायको समन्वय गरी सूचना संकलन गर्दा प्रभावकारी रहन्छ। साथै यस कार्यमा गाउँपालिका तथा नगरपालिकाको भूमिका समेत महत्वपूर्ण रहन्छ। जसका लागि देशका सम्पुर्ण स्थानीय तहहरुमा गणक खटाई श्रमयोग्य जनशक्तिको प्रत्यक्ष तथ्यांक संकलन गर्ने एउटा उपयुक्त ढाँचा हुन् सक्छ।

प्राथमिक प्रकृतिको तथ्यांक संकलन कार्य सूचना प्रविधिमा आधारित र राष्ट्रिय मापदण्ड अनुरुप समेत गर्नु पर्ने हुन्छ।यस प्रयोजनका लागि देहायका मुख्य क्रियाकलापहरु रहेका छन्:-


- व्यक्तिको प्रत्यक्ष सूचना संकलनको फाराम र विधि तय ।
- व्यक्तिले दिने जानकारीको स्वघोषणा ।
- संकलनकर्ता द्वारा सूचनाको तथ्यपरका उपलब्धताको उदघोष ।
- संकलित सूचनाको जनप्रतिनिघिबाट रुजु तथा प्रमाणिकरण।
- कम्प्यूटर प्रणालीमा सूचनाको प्रविष्टी ।

- प्रविष्टी गरिएको सूचनाको शुद्धाशुद्धी पुन: रुजु ।
- रुजु गरिएको सूचनालाई सफ्टवेयरमा प्रविष्टी ।
- प्रतिवेदन ।

यस प्रकारको तथ्यांकलाई प्राथमिक स्रोतबाट प्राप्त तथ्यांक (Primary source of data) को रुपमा उपयोग गरिनेछ र आवश्यकतानुसार विद्यमान सरकारी सूचनासँग परीक्षण (Cross-Validate) गरेर मात्र उपयोग गरिनेछ । जसबाट सूचनाको दोहोरोपना नरहने र तथ्यपरक सूचना प्राप्ति सुनिश्चित हुन सक्नेछ ।

## (इ) तथ्यांक र सूचना संकलनको प्रवाह:

तथ्यांक र सूचना प्रवाहको स्वरुप निम्न बमोजिमको हुनेछ ।




## (ई) तथ्यांक र सूचना संकलनको फाराम:

राष्ट्रिय स्वरुपको श्रमिक सूचना बैंकको प्रयोजनका लागि विभिन्न प्रकारको विवरण आवश्यक पर्दछ। प्रारम्भिक रुपमा विश्लेषण गर्दा तथ्यांक र सूचना प्रवाहको फाराम निम्न बमोजिमको हुनेछ। साथै यसमा सरोकारवालाहरुसँग परामर्श पश्चात परिमार्जन गरी थप परिष्कृत गरिने लक्ष्य रहेको छ।

नेपाल सरकार

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

श्रमिक बैंक सुचना फारम

१ व्यक्तिगत विवरण :

फोटो

नाम : (नेपालीमा)

Name : (in block letter)

वैवाहिक स्थिति: विवाहित अविवाहित अन्य

लिङ्ग: पुरुष स्त्री अन्य

जन्म मिति : वि.सं.: - - ई.सं.: - -

पति/पत्नीको नाम :

बाबुको नाम :

आमाको नाम :

हजुरबुबाको नाम:

हजुरआमाको नाम:

२ ठेगाना :

(क) स्थायी ठेगाना:

घर नं.: टोल: वडा नं.:

महानगर/उपमहानगर/नगर/गाँउ पालिका

जिल्ला: अंचल: प्रदेश:

(ख) अस्थायी ठेगाना:(हाल बसोबासको ठेगाना)

घर नं.: टोल: वडा नं.:

महानगर/उपमहानगर/नगर/गाँउ पालिका

जिल्ला: अंचल: प्रदेश:

३ सम्पर्क नं.:

फोन नं.: मोबाइल नं.:

इमेल: अन्य:

४ परिचयपत्रको विवरण:

नागरिकता नं.: जारी गरेको स्थान:

जारी गरेको मिति: - -

राहदानी नं.: जारी गरेको स्थान:

समाप्त हुने मिति: - - जारी गरेको मिति: - -

मतदाता नम्बर: मतदान स्थल:

अन्य परिचयपत्र नं.: जारी गरेको स्थान:

जारी गरेको मिति: - -

स्थाईलेखा नम्बर: छ। नम्बर: छैन

सामाजिक सुरक्षा कोष नं.: छ। नम्बर: छैन

सबारी चालक अनुमति पत्र नं.: छ। नम्बर: छैन

समाप्त हुने मिति: - - जारी गरेको मिति: - -

अनुमति वर्ग: A B C C1 D E F G H H1 H2 I I1 I2 I3 J1 J2 J3 J4 J5 K

५ रोजगारीको अवस्था:

- ☐ रोजगार: ☐ सरकारी ☐ गैह्र सरकारी ☐ अन्य .
  - ☐ ज्याला मजदुरी ☐ नोकरी तथा जागीर ☐ वैदेशिक रोजगारी
- ☐ बेरोजगार: ☐ विद्यार्थी ☐ गृहणी ☐ अन्य
- ☐ स्वरोजगार: ☐ उद्योग/व्यापार ☐ कृषि तथा पशुपालन ☐ अन्य .

६ पेशा/व्यवसायको विवरण: ☐ सिए ☐ डाक्टर ☐ इन्जिनियर ☐ वकिल ☐ व्यवसाय अन्य .

७ शैक्षिक योग्यता : ☐ निरक्षत्र ☐ साक्षर ☐ १० पास ☐ १२ पास ☐ स्नातक ☐ स्नातकोत्तर ☐ अन्य .

८ तालिम:

| | |
|---|---|
| १ | . |
| २ | . |
| ३ | . |

९ अनुभव:

| | |
|---|---|
| १ | . |
| २ | . |
| ३ | . |

१० शीप:

| | |
|---|---|
| १ | . |
| २ | . |
| ३ | . |

११ रुची:

| | |
|---|---|
| १ | . |
| २ | . |
| ३ | . |

१२ अन्य:

| | |
|---|---|
| १ | . |
| २ | . |
| ३ | . |

हस्ताक्षर: ......................................................

नाम: .

मिति: ___ - ___ - ___

स्थान:

औठाको छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

==================================== कार्यालय प्रयोजनको लागि ====================================

.............................................................
संकलनकर्ताको हस्ताक्षर:
नाम:
दर्जा:

.............................................................
प्रमाणित गर्नेको हस्ताक्षर:
नाम: .
दर्जा: .

## ७. श्रमिक सूचना बैंकको प्रणाली विकास

श्रमिक सूचना बैंकको प्रणालीको खाका, यस प्रणालीमा आवद्ध हुने बहुआयामिक तथ्यांक र यसको समग्र व्यवस्थापनको पद्धति निर्धारण गर्न चरणवद्ध रुपमा कार्य गर्न जरुरी छ । साथै तयार हुने प्रणालीमा प्राप्त हुने पृष्ठपोषण तथा समसामयिक परिमार्जनका लागि क्रमश: सुधार र विकास गर्दै लगिनेछ । वस्तुत: यसका चरणवद्ध कार्यहरु निम्नानुसार प्रक्षेपण गरिएको छ:

**(क) तत्कालीन सोच** **(मन्त्रालय अन्तर्गतका सूचनाहरूलाई एकिकृत गर्ने, Back up राख्ने व्यवस्था) धनगढी +विराटनगर/इटहरी**

श्रमिक सूचना बैंकमा निम्न सूचनाहरुलाई एकिकृत गरिनेछ:

१. रोजगार सूचना केन्द्रको EMIS मा रहेका श्रमिकका बैयक्तिक विवरण सहितका सूचनाहरु एकिकरण गरिने ।

२. कम्पनी रजिष्टारको कार्यालयमा रहेका सूचनाहरु एकिकरण गरिने ।

३. श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा रहेका सूचना एकिकरण गरिने ।

४. श्रमिक सूचना बैंकलाई जनस्तरमा बुझ्न बुझाउन लोगो (Logo)बनाउने ।

५. यसको विस्तृत प्राविधिक अध्ययन अनुरुपका थप कार्यहरु ।

**(ख) मध्यकालीन सोच** **(नेपाल सरकार अन्तर्गतका सूचनाहरू)**

१. विभिन्न सरकारी निकायमा रहेका श्रमिक, श्रमिक प्रतिष्ठानसँग सम्बन्धित सूचनाहरुमा एकिकरण गरिने।

२. बैदेशिक रोजगार सूचना प्रणालीसँग आवद्ध गरिने।

३. योगदानमा आधारित सामाजिक सुरक्षासँग सम्बन्धित सूचना एकिकृत गर्ने।

४. विभिन्न तालिम प्रदायक निकायसँग आवद्ध गरिने

५. विभिन्न उद्योग प्रतिष्ठान र उद्योग बाणिज्य महासँघका सूचनाहरु एकिकृत गरिने ।

**(ग) दीर्घकालीन सोच** **(सवै सार्वजनिक संस्थाका सूचनाहरू)**

१. श्रम बजारसँग सम्बन्धित सम्पूर्ण सूचनाहरु एकिकृत गरी आवश्यकता अनुसार सबै पहुँच स्थापित गर्ने ।
२. श्रमिकसँग सम्बन्धित सामाजिक सुरक्षा र सामाजिक संरक्षणका सूचनालाई एकिकृत गर्ने ।
३. अनौपचारिक क्षेत्रका र स्वरोजगारीमा रहेकाको सूचना एकिकृत गर्ने ।
४. श्रमिक सूचना बैंकको प्रणाली लाई राष्ट्रिय रोजगार ब्यवस्थापन सूचना प्रणाली (National Employment Management Information System) मा एकिकृत गरी संचालन गर्ने ।

## ८. कार्यान्वयनको व्यवस्था

विधमानमा सञ्चालनमा रहेको रोजगार ब्यवस्थापन सूचना प्रणाली (Employment Management Information System) को संस्थागत र प्रणालीगत सुधार गरी श्रमिक सूचना बैंकमा आवद्ध गरिनेछ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम (प्रस्तावित आन्तरिक रोजगार महाशाखा) ले समग्र प्रणालीको ब्यवस्थापन गर्नेछ श्रमिक सूचना बैंक श्रम विनिमयको केन्द्रको रुपमा विकास हुने गरी आवश्यक अन्तर निकाय समन्वयका लागि संयन्त्र विकास गर्न जरुरी छ । ।

## ९. कानूनी आधार तर्जुमा

श्रमिक सूचना बैंक संचालन तथा व्यवस्थापनका लागि उपयुक्त कानूनी आधार तर्जुमा गर्नु आवश्यक रहेको छ । विशेषत: वैयक्तिक तथ्यांक संकलन, भण्डारण, विश्लेषण तथा प्रतिवेदनका यावत व्यवस्थापनका लागि श्रमिक सूचना बैंक (संचालन तथा व्यवस्थापन) को कार्यविधि सम्बन्धी कानूनी आधार समेत तर्जुमा अत्यावश्यक रहेको छ । जसले बैधानिकता प्रदान गर्ने र यसको दीर्घकालीन सोच सहितको प्रारुप प्रदान गर्नेछ ।

## १०. श्रमिक सूचना बैंकको सञ्चालनको लागि गर्नुपर्ने चरणवद्ध क्रियाकलाप

श्रमिक सूचना बैंक स्थापनका लागि गर्नुपर्ने चरणबद्ध कार्यहरु निम्नानुसार प्रस्ताव गरिएको छ:

### (अ) प्रारम्भिक चरण

१. श्रमिक बैंक सञ्चालनको अवधारणा तथा विस्तृत कार्ययोजना तय गर्ने ।

२. सूचना सम्प्रेसनको लागि वेवसाइट WWW.LIB.GOV.NP (Labour-Force Information Bank), फेसबुक पेज लगायतका सामाजिक संजालको निर्माण गरी संचालन गर्ने ।

३. तथ्यांक संकलनका ढाँचा तथा बिधि तयार गर्ने ।

४. प्रतिवेदनहरुको ढाँचा तयार गर्ने ।

५. सूचना आदान प्रदान गर्ने विधि र प्रक्रियाको मार्ग चित्र तय गर्ने ।

६. उपरयुक्तानुसारको प्रस्तावित ढाँचा विधि, प्रक्रिया र कार्यविधि सहितको अवधारणा उपर अर्थ मन्त्रालय, गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, निजीक्षेत्र, ट्रेड यूनियन लगायतका सरोकारवाला तथा सम्बद्ध पक्षहरुसंग छलफल गर्ने र अन्तिम रुप दिने।

७. कानूनी आधार सहित श्रमिक सूचना बैंक सञ्चालनको स्वीकृति ।

### (आ) कार्यान्वयन चरण

१. रोजगार ब्यवस्थापन सूचना प्रणाली (Employment Management Information System) बाट प्राप्त सुचनाहरु संकलन गर्ने ।

२. तथ्यांक संकलनका ढाँचा र विधि बमोजिम विवरण संकलन गर्ने ।

३. व्यवस्थापन सूचना प्रणालीको डिजाइन विकास गर्ने (Software Design & Development)

४. सूचना प्रणालीको लागि आवश्यक उपकरण खरिद गर्ने (Hardware Establish),

५. नेपाल सरकारका सूचना प्रणालीहरुबीच सूचना आदान प्रदान र सचेतना

६. अन्य सूचना प्रणालीबाट तथ्याङ्कहरु लिने व्यवस्था गर्ने ।

७. तथ्यांक तथा सफ्टवेयरको सुरक्षा प्रणाली विकास गर्ने (Software Security System Development)

**(इ) सुधार र परिमार्जन चरण**

१. नियमित सुधार, परिमार्जन र विकास गरी सूचना प्रणालीको क्षेत्र विकास गर्दै विश्वसनियता विकास गर्ने,

२. सूचना प्रणालीलाई सुरक्षित गर्ने ।

३. सरकारी निकाय र निजी क्षेत्रको साथै अनौपचारिक क्षेत्रमा रहेका सूचनाको आवद्धता गर्दै जाने ।

## ११. संभाव्य जोखिम विश्लेषण

श्रमिक सूचना बैंक स्थापना र संचालनमा देहायका जोखिमको आँकलन गरिएको छ, जसलाई यसको विस्तृत प्राविधिक अध्ययन क्रममा सम्बोधन गर्नु पर्ने आवश्यकता छ:

१. व्यक्तिगत तहका र प्रतिष्ठान तहका सूचनाको संरक्षण।
२. PMEP र स्थानीय तह तथा रोजगार सेवा केन्द्रको क्षमता विकासमा अपनत्व ग्रहण।
३. बिषयवस्तुको सरोकारवालाहरुबीच आन्तरिकिकरण गर्ने।
४. सूचना प्रविधि प्रणालीको विकास र यसको विद्युतीय सुरक्षा
५. कोभिड१९ को कारणले कार्यतालिकाबद्ध कार्यान्वयनमा पर्न सक्ने प्रभाव ।

## १२. अपेक्षित उपलब्धि

श्रमिक सूचना बैंकको प्रणाली विकासबाट देहायको उपलब्धिहरु हाँसिल हुने अपेक्षा रहेको छ:

- श्रमयोग्य जनशक्तिको वैयक्तिक विवरण प्राप्ति र अद्यावधिक हुने ।
- श्रम बजारमा उपलब्ध रोजगार र श्रमिकको योग्यताको जानकारी सरकारसँग रहने ।
- सूचना प्रविधिमा आधारित प्रणालीको रुपमा Labour-Force Information Bank स्थापित हुने ।

- Job Portal सँग आवद्ध गरिने (NEMIS बाट) र Job Exchange Center को रुपमा विकसित हुने ।
- Inter-Agencies Connectivity Development (बैदेशिक रोजगार विभाग, श्रम विभाग, उद्योग विभाग, सामाजिक सुरक्षा कोष, राष्ट्रिय परिचयपत्र, निर्वाचन आयोग कम्पनि रजिष्ट्रारको कार्यालय, आदि) र
- बहुआयामिक प्रतिवेदनहरु र Real-time तथ्यांक प्राप्त हुने ।